# प्रेस विज्ञप्ति

**चैत्र २०, २०८०**

## एन आई सी एशिया क्यापिटल र महालक्ष्मी विकास बैंक बिच व्यवस्थित लगानी योजनामा पहुँच वृद्धि गर्न दुई पक्षिय सम्झौता ।

हाल नेपालमा संचालित खुलामुखी योजनाहरु मध्ये लगानीमा न्यून जोखिम रहेको एन आई सी एशिया डाइनामिक डेप्ट फण्ड अन्तर्गत इकाईहरु खरिद बिक्री, Systematic Investment Plan (SIP) दर्ता र SIP सेवा प्रदान गर्ने उद्देश्यका साथ एन आई सी एशिया क्यापिटल लिमिटेड र महालक्ष्मी विकास बैंक लिमिटेड बिच एक आपसमा मिति २०८०/१२/१८ सम्झौता पत्रमा हस्ताक्षर गरेको छ । सो सम्झौता अनुसार क्यापिटलको SIP सेवा अब महालक्ष्मी विकास बैंकका ग्राहकहरुले सजिलै उपलब्ध गर्न सक्ने छन् ।

देशभर रहेका लगानीकर्ताहरुलाई एन आई सी एसिया डाईनामिक डेप्ट फण्डमा सहज पहुँच होस भन्ने उदेश्यले महालक्ष्मी विकास बैंकलाई वितरक नियुक्ति गरेको छ। साथै एसले वित्तीय समावेशीता तथा वित्तीय सशक्तीकरणको माध्यमबाट समग्र वित्तीय क्षेत्रमा योगदान पुग्ने विश्वास समेत लिइएको छ। महालक्ष्मी विकास बैंकका ग्राहकहरुले सजिलो सरल र सहज रूपमा बैंकको कार्यालयबाट यो सुविधा लिन सकिने छन्। महालक्ष्मी विकास बैंकले पहिलो चरणमा आफ्नो केन्द्रिय कार्यालय दरबारमार्गबाट यो सेवा संचालन गर्ने छ र क्रमश हरेक प्रदेशमा पहुच हुने गरि प्रदान गरिने छ ।

हाल एन आई सी एशिया क्यापिटलले यो सेवा मन्जुश्री फाईनान्स लिमिटेड र समृद्धि फाईनान्स लिमिटेड संग साझेदारी गरि देशभर रहेका नेपाली लगानीकर्ताहरूलाई लगानीमा पहुँच विस्तार गर्दै आइरहेको छ। साथै एन आई सी एशिया बैंकको सम्पुर्ण शाखा कार्यालयबाट पनि यो सेवाहरु प्रदान गर्दै आई रहेको छ ।

एन आई सी डाइनामिक डेप्ट फण्डको SIP सम्बन्धी कुनै जिज्ञासा र थप जानकारीको लागि क्यापिटलको मोवाइल नं. ९८५१३१४५३१ मा सम्पर्क गर्न वा mutualfund@nicasiacapital.com मा इमेल गर्न सकिने व्यहोरा अनुरोध छ ।

Ramendra

.............................
रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT खाता
NIC ASIA Dynamic Debt Fund
मेरो लगानी, मेरो भविष्य